# १० पावल र परमेश्वरसँग बिद्रोह

<u>*यस अध्यायका मूल पदहरू:*</u> रोमी ५:१२-२१, १ कोरन्थी ३:१२-१७, १ कोरन्थी १२:१४-२६, एफिसी ६:११-१७, १ कोरन्थी १५:१२-१८।

<u>*यस अध्यायको स्मरण गर्नुपर्ने सार पद:*</u> "जुन कुरा अनित्य छ त्यसलाई नित्यको पोशाकले पहिराउने छ। जुन कुरो मरेर जान्छ त्यसलाई कहिलै नमर्ने पोशाकले सजाउनेछ। जुन् कुरो लेखिएको छ त्यो सत्य हुनेछ। यसरी लेखिएको छ "मृत्युलाई त निलि सक्यो। यसले युद्ध हारिसक्यो।"-१ कोरन्थी १५:५४ रूपान्तरित)।

शैतानले येशूसँग कसरी युद्ध छेडिरहेको छ भन्ने बिषयबस्तुले पावलका लेखहरू भरिएको पाइन्छ। शैतान वास्तविक हुन् उसले मानिसहरूलाई परमेश्वरको नजरबाट हटाउन अनेकन् छलकपट गर्दछ र तिनीहरूलाई मृत्युको मुखमा पार्ने उसको कामलाई कुनै काल्पनिक होइनन् भनेर पावलले ठोकुवा गर्दछन्। शैतानका दुष्ट योजनाहरू (एफिसी ६:११), उसको चालबाजी वा छलकपट (२ कोरन्थी ११:१४) र उसको ठूलो शक्तिहरूको (१ थेस्सोलिनिकी २:९) बारेमा पावलले बारम्बार औंल्याएको पाइन्छ।

तर पावलका लेखहरू पढ्ने जोसुकैले पनि उनको लेखको केन्द्रविन्दु जहिले पनि येशू ख्रीष्ट रहेको र हाम्रो निम्ति उहाँले गर्नुभएको अन्तिम बिजयको बखान गरेको पाइन्छ। शताब्दियौंसम्म शैतानले परमेश्वर र उहाँका जनहरूको बीचमा भएको करारलाई ठुक्राउन सफल भएको देखिएको छ। तर येशूसँग भने उसको ठूलो हार भएको थियो। सबै करारका वचनहरू ख्रीष्टमा पूरा भएको थियो। त्यसले गर्दा सबैको निम्ति मुक्ति सुनिश्चित हुन पुगेको छ। चाहे यहूदी होस् वा गैर-यहूदी होस् जसले उहाँलाई बिश्वास गर्छ र उहाँको वचन अनुसार चल्न प्रतिवद्ध हुन्छ त्यसको निम्ति अनन्त जीवन साँचिराखिएको छ। ख्रीष्ट बिश्वासमा अडिग रहनुभएकोले शैतानको अन्त्य हुनेछ भनेर ठोकुवा गरिएको छ (हिब्रू २:१४)। त्यसले गर्दा येशू र शैतानको बीचमा भइरहेको बिबादको महान् संग्राम पनि अन्त्य हुने निश्चित छ।

शैतानसँग लडिरहेको युद्ध कतिको यथार्थ वा वास्तविक छ भनेर पावलले बिभिन्न प्रतिक र शब्दचित्रहरूद्वार वाख्या गरिएको यस अध्यायमा हामी

हेर्नेछौं। त्यस युद्धलाई मध्य नजरमा राखेर हामी कसरी जिउने भनेर पनि छलफल गर्नेछौं। दुष्टसँगको संग्राममा चर्च र बिश्वासी समूदाय समग्र हितको निम्ति एक भएर लड्नु आवश्यक छ।

## १. येशू र आदम (रोमी ५:१२-२१)

**सुसमाचार स्पष्ट रूपमा सम्प्रेषण वा व्याख्या गर्नेमा पावलको नाउँ शिखरमा छ। तर ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बिबादको बारेमा उनले गरेको व्याख्या पनि उत्तिक्कै महत्त्वपूर्ण छ। आफूले सुनाउने सुसमाचारको बीचमा पावलले आफ्ना मूल बिषयबस्तुहरूलाई औंल्याउँछन्: (१) येशू ख्रीष्टद्वारा हामीमा भएको विश्वास तथा आस्थाले धर्मी ठहरिएका छौं मानौ हामीले पाप गरेका छैनौं। रोमी ५:१ (२) हामी अब परमेश्वरकहाँ जो कोही पनि सिधै जान सक्छौं कुनै पुरोहित वा पास्टरको आवश्यक छैन र हाम आशामा आनन्दित हुँछौ-रोमी ५:२ (३) दुःख कष्ट आपदबिपद आदिले हामीलाई चिन्ताग्रस्त गराउँदैन-रोमी ५:३-५। हामी पापी छँदै येशू मर्नुभएको थियो भनेर पावलले भन्दछन्-रोमी ५:८। अर्थात् हामी धर्मात्मा भएर होइन पापी भएकोले उहाँ मर्नुभएको थियो। हामीहरूको निम्ति येशू मर्नुभएकोले उहाँको जीवन र मृत्युले हामी मुक्ति पाउँछौं। अन्तिम न्यायको दिनमा हामीलाई पापको दोष लगाउने छैन-रोमी ५:९,१०। परमेश्वरमा हामीलाई पुनर्मिलन गराइएकोमा हामी आनन्दित हुँछौं (रोमी ५:११)।**

ख्रीष्ट र शैतानको बीचमा भइरहेको बिबादको घनघोर युद्ध रोमी ५:१२-२१मा कसरी देखाइएको छ हेर्नुहोस् "१२ एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो। १३ व्यवस्था दिइन अघि पनि संसारमा पाप थियो, तर जहाँ व्यवस्था छैन, त्यहाँ पापको लेखा पनि हुँदैन। १४ आदमदेखि लिएर मोशासम्मका मानिसहरूमाथि मृत्युले राज्य गर्‍यो, तिनीहरूमाथि पनि जसले आदमले गरेजस्तो अपराध गरेका थिएनन्। ती आदमचाहिँ आउनुहुनेको प्रतिरूप थिए। १५ सित्तैंको वरदान र त्यस अपराधमा केही समानता छैन। किनकि एक जना मानिसको अपराधले गर्दा धेरै मरे भनेता झन् बढ़ी परमेश्वरको अनुग्रह र एक जना मानिसको, अर्थात् येशू ख्रीष्टद्वारा आएको सित्तैंको वरदान धेरैका निम्ति प्रशस्त भयो। १६ सित्तैंको वरदानचाहिँ त्यस एक जना मानिसको पापको नतीजाजस्तै होइन। किनकि एउटा अपराधको

इन्साफले दण्डको आज्ञा ल्यायो, तर धेरै अपराधका पछि आउने सित्तैंको वरदानले निर्दोषीकरण ल्याउँछ। १७ यदि एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्वारा मृत्युले राज्य गऱ्यो भनेता झन् बढ़ी प्रशस्त अनुग्रह र धार्मिकताका सित्तैंको वरदान पाउनेहरूले एउटै मानिस येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन्। १८ यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डका भागीदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति धर्मी ठहराएर जीवन ल्याउँछ। १९ किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाइए, त्यसै गरी एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना धार्मिक बनाइनेछन्। २० व्यवस्था आयो र अपराधको वृद्धि भयो, तर जहाँ पाप बढ़्यो अनुग्रह झन् बढ़ी मात्रामा बढ़्यो, २१ यस हेतुले कि जसरी पापले मृत्युमा राज्य गऱ्यो, त्यसै गरी येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा अनुग्रहले धर्मी ठहराएर अनन्त जीवनसम्म राज्य गरोस्।"

येशूले हाम्रो निम्ति के के काम गर्नुभयो भनेर चर्चा गरेपछि उहाँले हामीहरूलाई उहाँसँग कसरी पुनर्मिलन गराउनुभयो भनेर पावलले व्याख्या गर्दछन्। बगैंचाको रुखमा आदमले जुन क्षति पुऱ्यायो यदि त्यसलाई मर्मत गरिएनभने हामीहरूसँग अनन्त जीवनको आशा पल्हाउने थिएन। अनि त्यस महान् बिबादको युद्धमा शैतानले बिजय हासिल गर्नेछ। आदमको क्रियाकलापले गर्दा सम्पूर्ण मानव प्राणीमा मृत्यु ल्यायो (रोमी ५:१२)। सिनैको पहाडमा परमेश्वरले मानिसहरूलाई दश आज्ञाहरू दिनुभएतापनि ती आज्ञाहरूले मानिसहरूमा आइपर्ने पाप र मृत्युलाई रोक्न सकेको थिएन। पाप भनेको के हो भनेर स्पष्ट रूपमा व्याख्या गर्न दश आज्ञाहरू दिइएको थियो। दश आज्ञाले पापलाई मेटाइएको थिएन। पाप र मृत्युको समस्याको समाधान केवल येशूको मृत्युलेमात्र गर्न सकिन्थ्यो। ख्रीष्टले आफ्नो करुणामय, निश्वार्थी र सदाशयी बरदान जुन् उहाँको जीवन थियो त्यसले हामीहरूको पापको ऋण चुकाउनुभएको थियो (रोमी ५:१५,१६ रूपान्तरित)।

अब सबै मानिसले पापबाट उद्धार पाउन सकिने भएको थियो। आदमको पापले गर्दा मृत्युले हामीमाथि राज गरिएको थियो। तर येशूको बफादारीपना वा बिश्वसनीयताले गर्दा हामीमाथि प्रसस्त अनुग्रहको बरदान र धर्मी अर्थात् पवित्रताले राज गर्न सक्ने भएको छ (रोमी ५:१७)। आदमले गर्दा हामीले उपभोग गर्न पाउनुपर्ने स्वर्ग गुमाउनु न्यायोचित थिएन। आदमको गलत काममा हामीहरूको सहभागी थिएन। तर उनले गर्दा हामी दुःख कष्ट

पाइरहेकाछौं। फेरि हामी स्वत स्वर्ग पाउनु पनि न्यायोचित देखिन्दैन। २००० वर्ष अघि येशूले जे गर्नुभयो त्यसमा हामीहरूको सहभागिता थिएन। पावलले आफ्नो तर्कलाई रोमी ५:१८-२१मा अन्त्य गर्दछन्। पहिलो आदमले श्राप, दण्ड, र मृत्यु ल्यायो भने दोस्रो आदम अर्थात् येशूले नवजीवन वा परमेश्वरसँग पुनर्मिलन गरायो।

"हामी पापी अधर्मी छँदै ख्रीष्ट हाम्रो निम्ति मर्नुभएर परमेश्वरले आफ्नो प्रेमको प्रदर्शन गराउनुभएको छ" (रोमी ५:८ रूपान्तरित)। तपाईंको आफ्नै नाउँ त्यस "हामी"को सट्टामा राख्नुहोस् र त्यो वचनको तपाईं आफैको निम्ति हो भनेर दावी गर्नुहोस्। त्यसमा तपाईंले के आशा पाउनुहुन्छ?

## २. चर्च "भवन" (१ कोरन्थी ३:४-९)

**"ख्रीष्टको चर्च कमजोर र खोटपूर्ण भएतापनि परमेश्वरले आफ्नो महान् प्रेम प्रदर्शन गर्ने एकमात्र थलो चर्च हुनगएको छ।"-एलेन जी ह्वाइट, द हेभेन्ली प्लेशेस, पृ. २८४बाट रूपान्तरित।**

एलेन जी ह्वाइटले चर्चको बारेमा दिनुभएको उक्त उत्कृष्ट मनतब्य पावलले कोरन्थीका चर्चलाई लेखेका १ कोरन्थीमा जस्तो स्पष्ट रूपमा अन्त व्याख्या गरिएको छैन। १ **कोरन्थी ३मा पावलले चर्चलाई बिऊसँग तुलना गर्दछन्। एक जनाले बिऊ रोप्छन्, अर्कोले पानी दिन्छन् तर त्यसलाई उमार्न, हुर्काउन र बढाउने अभिभारा परमेश्वरले मात्र लिनुभएको छ (१ कोरन्थी ३:४-९)।**

**त्यसपछि चर्चलाई भवन वा घरसँग तुलना गरेर चर्चको बारेमा आफ्नो तर्क अघि बढाउँछन्। कसैले घरको जग बसाल्छन् भने त्यसको निर्माण गर्न धेरै थरीका मानिसहरू लागेका हुन्छन् (१ कोरन्थी ३:१०)। त्यसकारण घर निर्माण गर्ने मानिसहरूले कस्तो खालका निर्माण सामानहरू उपयोग गर्नुपर्छ त्यसमा बढो होशियारी अपनाउनुपर्छ।**

**जब न्याय हुन्छ त्यसबेला उपरोक्त मानवरूपी चर्चको घरमा भएका असल र कमसल सामग्रीहरूको बीचमा भिन्नता देखाउनेछन् (१ कोरन्थी ३:१२-१५)।**

१ कोरन्थी ३:१२-१५सँग मत्ती ७:२४-२७ तुलना गर्नुहोस्। त्यहाँ के दुई कुराहरू छन् जसले ख्रीष्ट र शैतानको बीचको युद्धमा हामी कुन् पक्षमा उभिरहेका छौं भनेर देखाउँछ? हेर्नुहोस्: १ कोरन्थी ३:१२-१४ "१२ यदि कुनै मानिसले यस जगमाथि सुन, चाँदी, बहुमूल्य पत्थर, काठ, घाँस वा पराल

प्रयोग गरेर घर बनायो भने, १३ प्रत्येक मानिसको काम प्रकट हुनेछ, किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिनेछ। त्यो आगोद्वारा प्रकट हुनेछ, र हरेकले कस्तो काम गरेको छ, सो आगोले जाँच गर्नेछ। १४ यदि कुनै मानिसले त्यस जगमाथि बनाएको काम रहिरह्यो भने उसले इनाम पाउनेछ। १५ यदि कुनै मानिसको काम जलेर नष्ट भयो भने त्यसले नोक्सानी भोग्नुपर्नेछ, तर त्यो आफैचाहिँ आगोबाट उम्केझैं बाँच्नेछ।" र मत्ती ७:२४-२७ "२४ "यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो। २५ अनि पानी पर्‍यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन। किनकि त्यो चट्टानमाथि बसालिएको थियो। २६ जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो। २७ पानी पर्‍यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनाश भयो।"

**पावलले त्यसपछि भनेको कुरा पढ्नुहोस् "१६ के तिमीहरूलाई थाहा छैन, तिमीहरू परमेश्वरका मन्दिर हौ, र परमेश्वरका पवित्र आत्मा तिमीहरूमा वास गर्नुहुन्छ? १७ कसैले परमेश्वरको मन्दिरलाई नष्ट गर्छ भने परमेश्वरले त्यसलाई नष्ट गर्नुहुनेछ। किनकि परमेश्वरको मन्दिर पवित्र हुन्छ, र त्यो मन्दिर तिमीहरू नै हौ।"**

**दुई कुराहरूलाई ख्याल गर्नु आवश्यक छ। प्रथमतः १ कोरन्थी ३मा पावलले चर्च र त्यो कसरी निर्मित हुन्छ भनेर चर्चा गरिरहेका थिए। त्यसमा स्वास्थको बारेमा चर्चा गरिएको थिएन। जब मानिसहरूले आफ्ना गलत जीवनशैलीलाई अपनाउँछ त परमेश्वरले तिनीहरूतिनीहरूको शरीरलाई नाश गर्नुहुन्न। मानिसहरू आफैले नाश गर्छन्।**

**दोस्रोमा जब तिमीहरू भनेर ती दुई पदहरूमा प्रयोग गर्छन् तब ग्रीक भाषामा त्यसको अर्थ धेरै मानिसहरू भनेर जनाउँछ। पावलले केवल एक व्यक्तिलाई मात्र होइन तर समूहलाई लेखेका थिए। यदि कसैले चर्चलाई नाश गर्न खोज्छ त त्यो व्यक्ति परमेश्वरसँग खेलबाड गरिरहेको हुन्छ। यो अत्यन्त गम्भिर मामिला हो। जसले चर्चलाई नाश गर्न खोज्छ त्यसलाई परमेश्वरले बाँकी राख्नुहुन्न भनेर उहाँले पावलमार्फत् चेतावनी दिनुहुन्छ।**

हामीले चर्चको निम्ति जे गरेतापनि वा जे बोलेतापनि हामीले चर्चको संरचनालाई निर्माण गरिरहेकाछौं भत्काउन होइन भनेर हामी कसरी ठोकुवा गर्ने?

## ३. चर्च मानिसहरूको शरीर वा समूह हो (१ कोरन्थी १२:१४-१६)

**चर्च अर्थात् विश्वासीहरूको समूहको काम के हो भनेर १ कोरन्थी १२मा स्पष्टसँग व्याख्या गरिएको छ। यहाँ पनि चर्चलाई मानव शरीरसँग तुलना गरिएको पाइन्छ। जसरी शरीरको प्रत्येक अङ्गको आआफ्नै काम हुन्छ त्यसरी नै चर्चमा हुने बिभिन्न सदस्यहरूको काम आआफ्नै हुन्छ। ती सबै सदस्यहरू मिलेर एक भएर काम गर्दछन् (१ कोरन्थी १२:१२)।**

१ कोरन्थी १२:१२-३० मा के महत्त्वपूर्ण सन्देश दिइएको छ, हेर्नुहोस्? "१२ किनकि जस्तो शरीर एक छ, र त्यसका धेरै अङ्गहरू हुन्छन्, र शरीरका सम्पूर्ण अङ्गहरू धेरै भए तापनि शरीरचाहिँ एउटै हुन्छ, ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ। १३ किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं– यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो। १४ किनकि शरीर एउटै अङ्गबाट मात्र होइन तर धेरै अङ्गहरूबाट बनिएको हुन्छ। १५ यदि खुट्टाले "म हात होइनँ, यसैले म शरीरको अङ्ग होइन" भन्यो भने, के त्यो शरीरको अङ्ग हुँदैन र? १६ र कानले "म आँखा होइनँ, यसैले म शरीरको अङ्ग होइनँ" भन्यो भने, त्यो शरीरको अङ्ग हुँदैन र? १७ यदि जम्मै शरीर आँखा हुँदो हो त सुन्ने कहाँबाट? यदि जम्मै शरीर कान हुँदो हो त सुँघ्ने कहाँबाट? १८ तर परमेश्वरले आफ्नो इच्छाबमोजिम शरीरमा हरेक अङ्ग मिलाएर राखिदिनुभएको छ। १९ यदि ती जम्मै एउटै अङ्ग हुँदा हुन् त शरीर कहाँ हुने? २० तर अङ्गहरू धेरै छन्, तापनि शरीरचाहिँ एउटै। २१ आँखाले हातलाई "मलाई तेरो दरकार छैन" भन्न सक्दैन, र शिरले पनि खुट्टालाई "मलाई तिमीहरूको दरकार छैन" भन्न सक्दैन। २२ बरु शरीरका अझ दुर्बल देखिने अङ्गहरू नै नभई नहुने हुन्छन्। २३ शरीरका ती अङ्गहरू जुनहरूलाई हामी कम महत्त्वका ठान्छौं, तिनलाई हामी बढ्ता आदर दिन्छौं। प्रत्यक्ष रूपले देखाउन नसकिने अङ्गहरूलाई हामी बढ़ी भद्रतासाथ राख्छौं, २४ प्रत्यक्ष देखाउन सकिने हाम्रा अङ्गहरूलाई त्यस्तो हिफाजत चाहिँदैन। तर परमेश्वरले हाम्रो शरीरलाई यसरी मिलाउनुभएको छ कि हीन अङ्गहरूलाई बढ़ी आदर प्रदान गर्नुभएको छ, २५ ताकि शरीरमा बेमेल नहोस्, तर अङ्गहरू एउटाले अर्काको निम्ति समान वास्ता राखून्। २६ यदि

एउटा अङ्गलाई कष्ट भयो भने सबै अङ्गहरूले सँगै कष्ट भोग्छन्, अथवा एउटा अङ्गको आदर भयो भने सबै अङ्गहरूले सँगै आनन्द मनाउँछन्। २७ तिमीहरू ख्रीष्टका शरीर हौ, र हरेक त्यसका अङ्गहरू हौ। २८ परमेश्वरले मण्डलीमा पहिलो प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू, तब आश्चर्य काम गर्नेहरू, र निको पार्ने वरदान पाएकाहरू, सहायता गर्नेहरू, प्रशासन गर्नेहरू, विभिन्न भाषा बोल्नेहरू नियुक्त गर्नुभएको छ। २९ के सबै प्रेरितहरू हुन्? के सबै अगमवक्ता हुन्? के सबै शिक्षक हुन्? के सबै आश्चर्यकर्म गर्नेहरू हुन्? ३० के सबैसँग निको पार्ने वरदानहरू हुन्छन्? के सबैले विभिन्न भाषा बोल्दछन्? के सबैले अर्थ खोल्न सक्छन् र? "

पावलले जिस्क्याएर कुरो गरेको जस्तै देखिन्छ। खुट्टा वा कानले "म शरीरको भाग होइन" भनेर अलिगिन ठालियो भने के हन्छ होला? फेरि सारा शरीर आँखा वा कान भयो भने के होला भनेर पावलले प्रश्न गर्छ (१ कोरन्थी १२:१७)। मानौं कुनै मानिस ठूलो कान भएर फरफराउँदै हामीकहाँ आउँछ र "नमस्ते" भन्छ। यो हास्यस्पद छ। तर चर्चमा कुनै व्यक्ति वा समूहले आफ्नोमात्र हालीमुहाली गर्न खोजिन्दा वा नियन्त्रण गर्न खोजिन्दा त्यस्तै भएको पाइन्छ।

चर्चमा हुने विभिन्न क्रियाकलापहरूको बारेमा पावलले आफ्नो धारणा राख्दछन्। चर्चमा हुने प्रत्येक कामको श्रेय पवित्र आत्मामालाई दिन्छन् अर्थात् पवित्र आत्माकै अगुवाईमा सबै काम हुन्छ। कोही सदस्यहरू ज्ञानी वा बुद्धिमानी हुन्छ भने कोही सदस्यहरू बाइबलमा परिपक्व हुन्छन् (१ कोरन्थी १२:८)। कसैको आस्था वा विश्वास सबैको निम्ति प्रेरणादायक हुन्छ भने कसैसँग निको पार्ने बरदान हुन्छ (पद ९)। कुनै सदस्यहरूमा अचम्मका कामहरू गर्ने शक्ति हुन्छन् त कोही भविष्यवाणी बोल्ने बरदान हुन्छ। कुनै विश्वासी सदस्यहरूले त कुन् ठीक (असल) वा कुन् बेठीक (खराब) छुटयाउन सक्ने बरदान पनि पाएका हुन्छ। कसैले अरूहरूको भाषा वा अन्य भाषा बुझ्न सक्ने बरदान पाएको हुन्छ (पद १०)। त्यस मामिलामा मानिसहरू आफैले आफ्नो सामर्थ वा दक्षताको निर्णय नगरेको देखाइएको छ। तर चर्चको संरक्षण र सम्बर्धन अर्थात् हेरचाह गर्न पवित्र आत्माले नै बिभिन्न मानिसहरूलाई विभिन्न पृष्ठभूमिबाट टिपेको हुन्छ (११-१३)। यस मामिलाको बढि मान्यता जा जोढ दिन पावलले फेरि दोहोऱ्याउँछः चर्चको कुन् सदस्य कहाँ ठीक हुन्छ त्यहाँ परमेश्वरले नै खटाएको हुन्छ (पद १८)।

**तर सबभन्दा महत्त्वपूर्ण कुरो त यो छः चर्चमा धेरै सदस्यहरू हुन्छन् तर त्यसको शरीर एकमात्र हुन्छ। प्रत्येक सदस्य एक आपसमा जोडिएको हुन्छ। चर्चमा आफ्नो भाऊ नदेख्नेहरूको पनि उत्तिक्कै जरुरी भूमिका उनीहरूले अप्रतक्ष्यरूपमा भएपनि खेलिरहेको हुन्छ (२२-२४)। एस आपसको सहयोगले नै एक आपसको सुरक्षा र हित गर्दछ। जब दुःख र आनन्द चर्चमा बाँडिन्छ तब एक आपसमा सहयोगको भावना जागिन्छ (पद २६)।**

शरीरमा बाहिरबाट कसैले आक्रमण वा रोग अर्थात् चोट लाग्छ भने शरीरको एक भागमात्र होइन सम्पूर्ण भागलाई असर पारेको हुन्छ। ती रोगहरू हानीकारक र बिनाशकारक हुनसक्छ त कतिपय समयमा मार्दछ पनि। माथिका पदहरूलाई ख्याल गर्दा हामीहरूको शरीरलाई नाश पार्न शत्रुले कसरी काम गरिरहेको हुन्छ? हाम्रो शरीरमा होस् वा चर्चमा होस् ती आक्रमणहरूबाट बच्न परमेश्वरबाट कसरी सहयोग लिन सकिन्छ?

## ४. परमेश्वरका शस्त्रअस्त्र वा सुरक्षा कवच (एफिसी ६:११-१७)

**शैतानसँगको महान् बैचारिक युद्ध काल्पनिक नभएर यथार्थ वा वास्तविक हो। हामी साँच्चिक्कै शत्रुसँग साँच्चिक्कै युद्ध लडिरहेका छौ ( एफिसी ६:११)। एफिसी ६मा पावलले बिभिन्न शब्दचित्र अर्थात् प्रतिकहरू प्रयोग गरेर त्यस युद्धलाई व्याख्या गरेका छन्।**

एफिसी ६:१०-१७को अनुसार शैतानसँग हाम्रो युद्ध मनगढन्ते नभएर वास्तविक नै हो भनेर कसरी व्याख्या गरेको छ? हेर्नुहोस्ः " १० अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। ११ दियाबलसका (शैतान) युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। १२ किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टयाइँका आत्मिक सेनाहरूका विरुद्ध हो। १३ यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। १४ यसकारण आफना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, १५ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। १६ साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। १७ मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो।

१८ सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो।"

बिभिन्न थरिका हतियारहरू के हो भनेर वयान गर्नु त्यस्तो महत्त्वपूर्ण छैन। तर ती हतियारहरूक केका प्रतिक हुन् भनेर थाहा पाउनु जरुरी छ। आफूहरूलाई मनपर्ने मात्र होइन तर सबै खालका हतियारहरुले आफूहरू सुसज्जित हुनु भनेर पावलले भन्दछन्। यदि हामी येशूभक्त हौं भनेर दावी गरेर दऱ्हो भएर बस्न चाहन्छौं भने हामी ती हतियारहरू भिरेर बस्नै पर्छ (एफिसी ६:१३)। यदि हामी परमेश्वरको न्यायमा निर्दोष हुन चाहन्छौं भने ती हतियारहरू भिरेर बस्नुपर्छ भनेर हतियारहरूलाई शब्दचित्र वा प्रतिकको रूपमा पावलले प्रयोग गर्दछन्। (भजन १:५ले भन्दछ " यसकारण दुष्टहरू न्यायको दिनमा टिक्नेछैनन्, र पापीहरूले धर्मीहरूको सभामा स्थान पाउनेछैनन्।")। अर्थात् ती हतियारले सुसज्जित भएर बस्न सक्षम् भयौं भने जुनसुकै प्रतिकूल परिस्थितिमा पनि हामी बिजयी भएर बस्न सक्छौं।

हामीहरूले कम्मरमा पेटी बाँध्छौं जसमा हामीहरूले हतियारहरूलाई त्यसमा भिर्छौं। त्यो पेटीको अर्थचाहीं सत्य हो (एफिसी ६:१४)। त्यसकारण हामीहरूलाई आत्मिक रूपमा सुरक्षित राख्ने हतियार सत्य हो। हामीहरूको मनोबल, भावना, जोश र अन्तरआत्मासँग शत्रुले विभिन्न तरिकाले हमला गर्दछन् र हामीलाई गिराउन खोज्दछन्। तर यदि हामी सत्य छ भने हामीहरूलाई गिराउन सक्ने तत्वसँग मुकाबिला गर्न सक्छौं। येशूले सत्यको बारेमा बारम्बार चर्चा गर्नुहुन्थ्यो (युहन्ना १:१४,१७, यूहन्ना ४:२४, यूहन्ना ८:३२, यूहन्ना १४:६)। त्यसपछि छातीमा लगाउने कवचको चर्चा गरिएको छ। त्यो हो धार्मिकता वा पवित्रताको छातीपाता (एफिसी ६:१४)। धार्मिक वा पवित्र आचारण, येशूले पहाडमा दिनुभएको प्रवचनको मूल बिषयबस्तु हो (उदाहरणमा मत्ती ५:६,१०, मत्ती ६:३३)। पुरानो करारमा पवित्र आचरण वा धार्मिकता भनेको देशमा न्याय र समानता हुनु थियो अर्थात् प्रत्येक व्यक्तिलाई न्यायोचित ढँगमा व्यवहार गरिएको छ कि छैन सोप्रति संबेदनशील हुन परमेश्वरले मानिसहरूलाई घचघाउनु हुन्थ्यो।

सैनिकहरूले लगाउनु जुत्ता (एफिसी ६:१५)ले शान्तिको सुसमाचारलाई प्रतिनिधित्व गर्छ। यो शब्द यशैया ५२:७बाट लिइएको हो। जब टाढा शत्रुदेशहरूमा इस्रायलीहरूलाई युद्ध बन्धक बनाएर लगिएका हुन्थे। त्यसबेला जब यरुशलेमको पुनरुद्धार र पुननिर्मित हुन्थ्यो केही यहूदीहरू बन्धक

बनाइराखेको टाढा देशमा गएर परमेश्वरले आफ्ना जनहरूलाई गर्नुभएको उद्धारको बारेमा समाचार दिन जान्थे। अर्को शब्दमा भन्ने हो भने दुष्टसँग मुकाबिला गरेर बस्न परमेश्वरले युद्ध जितिसक्नुभयो भनेर मानिसहरूलाई थाहा दिनु हो र अब तिनीहरू एक आपसमा र परमेश्वरसँग शान्तिका साथ ढुक्क भएर रहन सकिन्छ भनेर विश्वास दिलाउनु हो।

विश्वासको ढाल वा सुरक्षाकवचले (एफिसी ६:१६) अनगिन्ति अग्नी बाणहरूलाई रोक्दछ। यदि त्यस विश्वासको कवचलाई नभिडि लडेन भने शत्रुहरूले निशानमा ताकेर आक्रामण गर्दा त्यस निशानामा लाग्छ र पूर्णरूपमा त्यस ब्यक्तिलाई ध्वस्त पार्दछ। मुक्तिको टोप (एफिसी ६:१७)सँग येशूले लगाउनुभएको राजकिय मुकुटसँग दाँजिएको छ (प्रकाश १:६,प्रकाश २:१०) जुन् हामीलाई पनि लगाउन दिनुभएको छ। हामीहरूले आत्मसुरक्षा गर्न पवित्र आत्माको तरवार भिर्नुपर्छ जुन् परमेश्वरको वचन हो। जब येशूले उजाड स्थानमा शैतानसँग मुकाबिला गर्नुभयो उहाँले केवल परमेश्वरकै वचनबाट उसँग प्रतिकार गर्नुभएको थियो (मत्ती ४:४,७,१०)।

हामीले भिर्नुपर्ने पूरा हतियारले शैतानसँको युद्धमा हामी परमेश्वरमाथि पूर्णरूपमा भर पर्नुपर्छ भनेर कसरी देखाउँछ? हामीहरूको जीवनको प्रत्येक क्षेत्रमा सुरक्षित भएर बस्न ती हतियारहरू भिरेका छौं भनेर हामी कसरी विश्वस्त हुने?

## ५. अन्तिम शत्रु (१ कोरन्थी १५:१२-१८)

कोरन्थी शहरमा रहेका कतिपय बिश्वासीहरूमा पुनरुत्थानको बारेमा अन्यौलमा परेका थिए भनेर पावलको पत्रले स्पष्ट रूपमा देखाउँछ। बिश्वासीहरूको पुनरुत्थान सुसमाचारको सन्देशसँग महत्त्वपूर्ण रूपमा गाँसिएको छ भनेर पावलले बिस्तृतरूपमा व्याख्य गर्दछन् (१ कोरन्थी १५:१-४)। येशूलाई विश्वास गरेपछि कतिपय बिश्वासीहरू मरेका थिए (१ कोरन्थी १५:६)। मरेका विश्वासीहरू के होला, तिनीहरू स्वर्गमा गएकि वा येशूको आगमनमा तिनीहरूले मुक्ति गुमाउने छन् कि भनेर अनेक बादबिबादमा येशूका उपासकहरू फसिरहेका थिए। यो अवस्था थेस्सोलोनिकीका बिश्वासीहरूमा पनि चर्किरहेको थियो (१ थेस्सोलिनिकी ४:१३-१७)।

येशूको आगमन हुन्छ र मरेकाहरू बिउँतिनेछन् भनेर बिश्वास नगर्नुको अर्थ के हो भनेर १ कोरन्थी १५:१२-१८मा यसरी लेखिएको छ "१२ मृतकहरूबाट खीष्ट पुनरुत्थान हुनुभयो भनी प्रचार गरिन्छ भने कसरी

तिमीहरूमध्ये कसै-कसैले मृतकको पुनरुत्थान हुँदैन भनी भन्न सक्छौ? १३ तर यदि मृतकहरूको पुनरुत्थान हुँदैन भनेता ख्रीष्ट पनि मृतकबाट पुनर्जीवित पारिनुभएको होइन। १४ यदि ख्रीष्ट मृतकबाट पुनर्जीवित पारिनुभएको होइन भनेता हाम्रो प्रचार व्यर्थ हुन्छ, र तिमीहरूको विश्‍वास पनि व्यर्थ हुन्छ। १५ त्यसभन्दा बढ़ी हामी परमेश्‍वरको बारे झूटा साक्षीहरू ठहरिन्छौं, किनकि उहाँले ख्रीष्टलाई मृतकबाट पुनर्जीवित पार्नुभयो भनी हामीले परमेश्‍वरको बारे गवाही दिएका छौं। तर साँच्चै मृतकहरूको पुनरुत्थान हुँदैन भने उहाँले ख्रीष्टलाई पुनर्जीवित पार्नुभएन। १६ किनकि यदि मृतकहरूको पुनरुत्थान नहुने भए ता ख्रीष्ट पनि मृतकबाट जीवित पारिनुभएन। १७ ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्‍वास व्यर्थ छ, र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ। १८ तब त ख्रीष्टमा सुतिगएकाहरू पनि नष्ट भएका छन्।"

**"यदि ख्रीष्टमा आशा यस संसारमा मात्रै छ त?" भनेर पावलले आफ्नो तर्क अगाडि सार्छन्। "यदि छ भने हामीहरू अरू मानिसहरूभन्दा कहालीलाग्दो हुन्छौं।" भनेर आफ्नो तर्कको जवाफ दिन्छन् (१ कोरन्थी १५:१९ रूपान्तरित)। येशू मृत्युबाट साँच्चिकै बौरि उठ्नुभएको छ र पुनरुत्थान हुने सारा मानिसहरूमा उहाँ प्रथम् हुनुभएको छ।" भनेर पावलले ठोकुवा गरेर भन्दछन् (१ कोरन्थी १५:२० रूपान्तरित)।**

**अनि पावलले ख्रीष्टलाई आदमसँग तुलना गर्छन्: "आदमले गर्दा सबै मानिसहरू मर्दछन्। त्यसैकारण ख्रीष्टले गर्दा सबै जीवित हुनेछन्" (१ कोरन्थी १५:४५-४९)। येशूको दोस्रो आगमनमा सबै जना बौरि उठ्नेछन् भनेर पावलले भन्दछन् (१ कोरन्थी १५:२३)। पछि त्यही अध्यायमा पावलले दुई आदमहरूको तुलना गर्दछन् (१ कोरन्थी १५:४५-४९)।पहिलो मानिस धुलोबाट सृष्टि भएको थियो। तर स्वर्गको आदम (येशू) स्वर्गबाट आउनुभएको थियो र एकदिन हामी पनि उहाँ जस्तै हुनेछौं (१ कोरन्थी १५:४७-४९)।** त्यसको अर्थ के हो भनेर उहाँको दोस्रो आगमनमा हुने घट्नाले देखाउँछन् "५० अब भाइ हो, म तिमीहरूलाई यो भन्दछु, मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन, न त विनाश अविनाशको हकदार हुन सक्छ। ५१ हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, ५२ एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। ५३ किनकि यस विनाशी स्वभावले अविनाशी, र यस

मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। ५४ जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ।"

सुरूमा आदमलाई सृष्टि गर्दा उनलाई अमर बनाउन सृष्टि गरिएको थियो। तर पाप यस संसारमा पसियो। र मानिसहरूको अवस्था झन झन खस्किन्दै गयो र आखिरमा उनको आयु छोटो हुन थालियो। यदि येशूलाई बिश्वास गर्छौं भने हामी सदाको निम्ति जिउनेछौं। त्यो परमेश्वरले हामीलाई दिन चाहने बरदान हो।

ख्रीष्ट र शैतानको महान् बिबाद वा शैतानको भाऊ खोज्ने चाहनामा हामी पनि मुछिएकाछौ। यस संसारलाई मृत्यु, आतङ्क, अपवित्र र दुष्टताले नियन्त्रण गरिरहेको छ। तर १ कोरन्थी १५:२३-२६मा त्यो महान् युद्धको अन्त्य कसरी हुन्छ भनेर तोकिएको छ हेर्नुहोस्। त्यसमा उल्लेखित प्रतिज्ञाहरू हामी प्रत्येकको निम्ति हो र हामी बर्तमान अवस्थाबाट माथि उचलिएर परमेश्वरमा विश्वास गरेर जिउनुपर्छ भनेर ती पदहरूले कसरी बताउँछन्? "२३ तर हरेक आ-आफ्नै क्रमअनुसार– ख्रीष्टचाहिँ अगौटे फल, त्यसपछि उहाँको पुनरागमनमा ख्रीष्टका आफ्नैहरू। २४ तब अन्त्य आउनेछ, जब उहाँले हरेक शासन, हरेक अख्तियार र शक्ति नष्ट पारेर परमेश्वर, अर्थात् पितालाई राज्य सुम्पिदिनुहुनेछ। २५ किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ। २६ सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो।"

**उपसंहार:**

"मानिस र पृथ्वी पापले गर्दा शैतानको नियन्त्रणमा पर्न गएको छ। मुक्तिको योजनाले मानिसको पुनरुद्धार हुनेभएको थियो। सृष्टिमा आदमलाई यस पृथ्बीलाई नियन्त्रण गर्न अधिकार दिइएको थियो। तर आदम शैतानको प्रलोभनमा फसे। त्यसले गर्दा आदमले पाएको अधिकार शैतानमा सरियो। त्यसकारण यस संसारको भगवान शैतान हुन पुग्यो। सुरुमा आदमलाई दिइएको यस संसारलाई नियन्त्रण गर्ने अधिकार शैतानले आदमबाट खोसे। तर ख्रीष्टको त्याग तथा बलिले पापको मोल तिरिएको थियो। मानिसले मुक्ति पाउने प्रावधान ख्रीष्टले बनाउनुभयो। शैतानको हातबाट यस संसारको नियन्त्रण येशूले लिनुहुनेछ। पहिलो आदमबाट गुमाएको सबै थोकहरू दोस्रो आदमद्वारा (येशू) पुनर्स्थापना हुनेछ।"-एलेन जी ह्वाइट, द साइनस् अभ टाइमस्, नभेम्बर ४, १९०८बाट

रूपान्तरित। यथार्थमा भन्ने हो भने शैतान हारिएको छ र उसको समय छोटो छ (प्रकाश १२:१२), तर संसारको बातावरणमा हेरियोभने त्यो महत्त्वपूर्ण सत्य बिर्सन सजिलो छ। अन्याय, अत्याचार, आतङ्क, दुष्टता, खराब आदि यस संसारमा जताततै फैलिएका छन्। तर ख्रीष्टले जे गर्नुभयो त्यसले गर्दा भयभित बनाउने ती तत्वहरू हटिनेछ भनेर हामीलाई वचन दिइएको छ। अहिले हामीलाई सबै थोक स्पष्ट नभएतापनि पछि स्पष्ट हुनेछ। मानिसलाई आतङ्कित बनाउने ती तत्वहरूलाई मानिसको कुनै पनि अथक प्रयासले हटाउन सकिन्दैन। हामीलाई प्रतिज्ञा गरिएको परिवर्तन परमेश्वरले मात्र ल्याउनुहुनेछ। यस संसारका समस्याहरू हामी आफैले सम्हाल्न सक्दैनौं।

**चिन्तनमननः**

अ. "चर्च कमजोर र त्रुटीपूर्ण छ र त्यसलाई बराबर सतर्क गराइनुपर्छ र सरसल्लाह दिइरहनुपर्छ। तर ख्रीष्टको महान् प्रेमको केन्द्रविन्दु सधैं चर्च हो। मानिसहरूको हृदय येशूको अनुग्रहको प्रयोगशाला हो। तिनीहरूको चरित्रमा परिवर्तन हुने गर्दा स्वर्गदूतहरू अचम्म मानेर हेरिरहेका हुन्छन् र तिनीहरू परमेश्वरप्रति अत्यन्त आनन्दित भएर उहाँलाई स्तुति चढाउँछन्। पापले तहसनहस पारिएको मानिस परिवर्तन हुनसक्छ भनेर सोच्नसक्दा स्वर्गदूतहरू अत्यन्त हर्षले भावबिभोर हुन्छन्।"-एलेन जी ह्वाइट, "द सिग्नल अभ आडभान्स" द एडभेन्ट रिभ्यु एण्ड सब्बथ हेराल्ड, जनवरी २०, १९०३बाट रूपान्तरित। ख्रीष्टले हाम्रो निम्ति के गर्नुहुन्छ र हामीमा के गर्नुहुन्छ जसले गर्दा हामी परिवर्तन हुन्छौं? हामीलाई परिवर्तन गर्ने केही तत्वहरू के के छन्?

आ. चर्चको सबै तहहरूमा ख्रीष्ट र शैतानको बीचमा भइरहेको युद्ध चर्किरहेको हामीले कसरी देख्न सक्छौं? कुन् कुन् बिषयवस्तुहरूले हामीलाई बिभाजित पारिराख्छ, कमजोर बनाउँछ र हामीलाई बोलाइएको काममा नलाग्न उक्साउँछन्? हाम्रो निम्ति अत्यन्त महत्त्वपूर्ण बिषयबस्तु भएतापनि मानिसहरू त्यससँग सहमत नहुँदा नहुँदै पनि तिनीहरूसँग कसरी एक भएर बस्ने र तिनीहरूले पाइरहेको चोटलाई निको पार्न हामी कसरी अग्रसर हुने?